कोन्ज्योसोम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर

प.स. ०७७/०७८

च.न ९८८

बागमती प्रदेश, नेपाल

मिति २०७८।०३।२४

श्री सर्व विद्यालयहरु
कोन्ज्योसोम गाउँपालिका, ललितपुर ।

**विषय : स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएको व्यवस्था अनुसार, स्थानीय तहलाई स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामाग्री कार्यान्वयन सम्बन्धी दिइएको कर्तव्य एवं दायित्व र अधिकार तथा जिम्मेवारी अनुसार ७५.७८ प्रतिशत भन्दामाथि जनसंख्या (जनगणना २०६८) तामाङ समुदाय भएको यस गाउँपालिका भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाइ मध्यनजर राख्दै आधारभुत तह (कक्षा १-३) पाठ्यक्रम २०७६ अनुसार पठनपाठन हुने मातृभाषिक सिप तथा स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप विषय क्षेत्रमा भएको साप्ताहिक पाठयघण्टा ५ को कार्यान्वयनमा विद्यालयहरुलाइ सहजता पुऱ्याउन र विषयबस्तुमा एकरुपता कायम गर्ने सन्दर्भमा गाउँ शिक्षा समिति र गाउँ कार्यपालिकाको मिति २०७८।०३।२३ को निर्णयअनुसार यस गाउँपालिका अर्न्तगत संचालित विद्यालयहरुमा तामाङ भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक शै.स.२०७८ देखि कक्षा १ मा कार्यान्वयनमा लैजाने निर्णय भएकाले तपशिल अनुसारको व्यवस्था गर्नु गराउनुहुन अनुरोध छ ।

विष्णुप्रसाद अधिकारी
शाखा अधिकृत

तपशिल

१. शै.स २०७८ मा कक्षा १ मा स्थानीय विषय अर्न्तगत पठनपाठन हुने साप्ताहिक पाठ्यभार ५ को कार्यान्वयन सम्बन्धमा गाउँपालिका बाट तयार भएको तामाङ भाषाको पाठ्यपुस्तक पठनपाठनका लागि बार्षिक तथा दैनिक कार्यतालिका निर्माण गरी कार्यान्वयनको आबश्यक व्यवस्था मिलाउने र सोको जानकारी गाउँपालिका शिक्षा शाखामा अविलम्ब उपलब्ध गराउने,

२.तामाङ भाषाको पाठ्यपुस्तक अध्यापनका लागि यसैवर्ष तालिममा समावेश भएका शिक्षकलाई जिम्मेवारी दिने गरी व्यवस्था गर्नुपर्ने र निज शिक्षकलाई स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयन सम्बन्धी लिखित रुपमा नै **फोकल पर्सन** तोकी सोको जानकारी गाउँपालिकामा उपलब्ध गराउने,

# कोन्ज्योसोम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर


प.स.

च.न

बागमती प्रदेश, नेपाल

३.शै.स.२०७८ मा कक्षा १ मा भर्ना भएका विद्यार्थीहरुका लागि नि :शुल्क पाठ्यपुस्तक उपलब्ध गराउन गाउँपालिकाबाट छपाइ तथा प्रकाशन गरी विद्यार्थीहरुलाई विद्यालयमार्फत उपलब्ध गराउने भएकाले कक्षा १ मा भर्ना भएका विद्यार्थीको विवरण तीनभित्र गाउँपालिका शिक्षा शाखामा इमेल मार्फत उपलब्ध गराउनुपर्ने,

४.पाठ्यकम तथा पाठ्यपुस्तकको Hard Copy विद्यालयमा उपलब्ध नभएसम्मका लागि विद्यालयको इमेल तथा गाउँपालिकाको website www.konjyosommun.gov.np मा upload भएको पाठ्यकम तथा पाठ्यपुस्तकको soft copy लाई आधार बनाइ शिक्षकले अध्यापन गर्ने व्यवस्था मिलाउने ।

बोधार्थ : श्री अध्यक्षज्युको सचिवालय, कोन्ज्योसोम गापा चौघरे , ललितपुर ।

श्री उपाध्यक्षज्युको सचिवालय, कोन्ज्योसोम गापा चौघरे , ललितपुर ।

श्री सुचना तथा प्रविधि शाखा, कोन्ज्योसोम गापा : पत्र website मा upload गरिदिनुहुन ।



Website :www.konjyosommun.gov.np E-mail: konjyosom2075@gmail.com